बैठक संख्याः २।२०८२

बैठक मितिः २०८२।१।१५ गते, समयः बिहान ७:३० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

आज मिति २०८२।१।१५ गते सोमवार बिहान ७:३० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्का | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः २।२०८२
बैठक मितिः २०८२।१।१५ गते, समयः बिहान ७:३० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | किशोर कुमार यादव | इन्जिनियर | | |
| ४ | राम बहादुर कटुवाल | आ.ले.प. अधिकृत | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको लागि योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा।
२. प्रस्ताव नं. २ : मेकानिकल ईन्जिनियरको सेवा लिने सम्बन्धमा।
३. प्रस्ताव नं. ३ : नाला सहित RCC ढलान कार्य सम्बन्धमा।
४. प्रस्ताव नं. ४ : सर्पदंश केन्द्रमा शौचालय निर्माण सम्वन्धमा।
५. प्रस्ताव नं. ५ : बोचही स्थित त्रियुगा बाँधमा बाटो मर्मत सम्वन्धमा।
६. प्रस्ताव नं. ६ : विपद क्षतिको विवरण सङ्कलन सम्बन्धमा।
७. प्रस्ताव नं. ७ : कमल दहको माटो हटाउने सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १**

मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधामबाट आगामी आ.व. २०८२।०८३ को लागि प्रदेश सरकार सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तर्फ योजनाको प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८२।१।८ गते प्रकाशित सूचनाको सम्बन्धमा बैठक समक्ष जानकारी भयो। उक्त सम्बन्धमा ससकोशी नगरपालिका अन्तर्गत आ.व. २०८२।०८३ मा मधेश प्रदेश सरकारबाट उपलब्ध हुने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानबाट देहाय बमोजिमको योजनाहरू संचालन गर्ने गरी योजनाको प्रस्ताव पेश गर्ने र मधेश प्रदेश सरकारबाट उपलब्ध हुने समपुरक अनुदान तर्फ संचालन हुने योजनाको लागि ससकोशी नगरपालिकाबाट ३०% लागत साझेदारी व्यहोर्ने प्रतिबद्धता व्यक्त गरी योजनाको प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**तपसिल**

१. **मधेश प्रदेश सरकारबाट आ.व. २०८२।०८३ मा उपलब्ध हुने सशर्त अनुदान तर्फ प्रस्ताव गरिएका योजनाहरूको विवरण**

| सि.नं. | योजनाको नाम | ठेगाना | प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन (सङ्कलन, विसर्जन तथा पूर्वाधार निर्माण समेत) | ससकोशी नगरपालिका | १,००,००,०००।- | |

CamScanner

बैठक संख्याः २।२०८२
बैठक मितिः २०८२।१।१५ गते, समयः बिहान ७:३० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

२. मधेश प्रदेश सरकारबाट आ.व. २०८२।०८३ मा उपलब्ध हुने समपुरक अनुदान तर्फ प्रस्ताव गरिएका योजनाहरूको विवरण

| सि.नं. | योजनाको नाम | ठेगाना | प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ससकोशी नगरपालिका वडा नं. २ र ३ को तीनकुनेबाट नगरपालिकाको कार्यालय सम्म जाने बाटो निर्माण | ससकोशी नगरपालिका वडा नं. २, ३ र ४ | ५०,००,०००।- | |

३. मधेश प्रदेश सरकारबाट आ.व. २०८२।०८३ मा उपलब्ध हुने विशेष अनुदान तर्फ प्रस्ताव गरिएका योजनाहरूको विवरण

| सि.नं. | योजनाको नाम | ठेगाना | प्रस्तावित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | शहीद स्मृति पार्क निर्माण वडा नं. ४ | ससकोशी नगरपालिका वडा नं. ४ | ४०,००,०००।- | |

निर्णय नं. २

ससकोशी नगर कार्यपालिकाको मिति २०८१।१२।११ गतेको बैठकबाट ससकोशी नगरपालिकामा हेभी ईक्यिपमेन्ट रोलर, व्याकहो लोडर, ट्रिपर, ट्रयाकटर, जिप, मोटरसाईकलहरू रहेका र तिनको मर्मत सम्भार गर्न एवं नयाँ सवारी साधन खरीद प्रयोजनको लागि स्पेशिफिकेशन तयारी गर्ने, लागत अनुमान तयार गर्ने एवं प्राविधिक मूल्याङ्कन गर्ने प्रयोजनको लागि मोरङ्ग जिल्ला, बेलवारी नगरपालिका वडा नं.९ निवासी मेकानिकल ईन्जिनियर/१७६५(क) श्री रुपेश चौधरीबाट सेवा प्राप्त गर्ने र निज मेकालिकल ईन्जिनियरले सेवा उपलब्ध गराए बापत सेवा परामर्श खर्च शीर्षकमा विनियोजित रकम मध्येबाट हाजिर भएको दिनको रु. १६००।- को दरले सुविधा उपलब्ध गराउने गरी सेवा करार सम्झौता गरी कामकाज लगाउने निर्णय भएकोमा निज ईन्जिनियर सम्पर्कमा नआउनु भएकोले निजको सट्टामा सोही बमोजिम सुविधा उपलब्ध गराउने गरी एक जना मेकानिकल ईन्जिनियरबाट सेवा प्राप्तिको लागि नगर कार्यपालिकाको कार्यालयबाट बन्दोवस्ती मिलाउन निर्देशन गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्याः २।२०८२
बैठक मितिः २०८२।१।१५ गते, समयः बिहान ७:३० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ३**

ससकोशी नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ५५१ मिति २०८२।०१।११ गतेको पत्रबाट अनुरोध भई आएबमोजिम चालु आ.व. २०८१।०८२ मा ससकोशी नगरपालिका अन्तर्गत वडा नं. १० मा दुर्गानन्द चौधरीको घर देखि ललन कुमार कर्णको घर सम्म RCC ढलान निर्माण गर्नका लागि रु ५,००,०००।- बजेट विनियोजन गरिएकोमा उक्त वजेटबाट सोही स्थानमा नाला सहितको RCC ढलान कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

चालु आ.व. २०८१।०८२ मा ससकोशी नगरपालिका अन्तर्गत वडा नं. ११ मा नगर सर्पदंश केन्द्र निर्माण तथा आवश्यक सामग्री खरिद शीर्षकमा रु १०,००,०००।- बजेट विनियोजन भएकोमा सर्पदंश केन्द्र भवन निर्माण भई सकेकोले सर्पदंश केन्द्रमा शौचालय निर्माण गरी बाँकी रहेको बजेटबाट आवश्यक सामग्री खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

ससकोशी नगरपालिका वडा नं. ६ र ७ बोचही स्थित त्रियुगा बाँधमा बाटो मर्मत गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम चालु आ.व. २०८१।०८२ मा नदी नियन्त्रण शीर्षकमा विनियोजित वजेट मध्येबाट रु. ३,००,०००।- छुट्याई उक्त कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

मिति २०८२।०१।१४ गते मध्य राती आएको हावा हुरी सहितको वर्षाबाट ससकोशी नगरपालिकाको विभिन्न वडाहरूमा पुऱ्याएको जनधनको क्षतिको विवरणहरू सबै वडाहरूबाट प्राप्त गरी विपद व्यवस्थापन समितिबाट स्थलगत अनुगमन गरी बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

ससकोशी नगरपालिका वडा नं. ११ स्थित कमलदहको माटो हटाई सफाई गर्नु पर्ने भएको हुँदा प्राविधिक लागत अनुमान तयार गरी पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।



CamScanner